मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)

बागमतिप्रदेश, नेपाल
Bagamati Province, Nepal

प.सं. (Ref.) : २०७६।७७
च.नं. (Dispatch no.) :

मिति :२०७६।१२।२२

## विज्ञप्ती

### कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तथा नियन्त्रणका लागिगरिएकाप्रयासहरु

१. जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागि गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाईंको अध्यक्षतामा गाउँपालिकास्तरीय समन्वय समिति तथा वडामा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय समन्वय समिति गठन गरी परिचालन गरिएको ।

२. गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत रामकुमार पुडासैनीको संयोजकत्वमा द्रुत प्रतिकार्य समूह (Quick Reponce Team) को गठन गरी परिचालन गरिएको ।

३. गाउँपालिकाको वडा नं. २ स्थित चण्डिका माध्यामिक विद्यालयको नँया भवन तथा वडा नं. ६ स्थित वागदलिको इश्वरी प्राथमिक विद्यालयमा कूल १० शैयाको क्वारेन्टाइन कक्ष निर्माण गरिएको साथै थप शैयाहरुको व्यवस्थापनको लागि समेत पहल गरि रहेको ।

४. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहतको लागि गाउँपालिकाले कोरोना प्रभावितलाई राहत वितरण कार्यविधि, २०७६ पारीत गरी वडाहरुबाट त्यस्तो राहत प्राप्त गर्ने व्यक्तिहरुको सूची तयार गरि ३८७ जना घर परिवारलाई राहत वितरण गरिएको ।

५. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणमा राहत/सहयोगको लागि गाउँपालिकाका जनप्रतिनिधिहरुको १५ दिनको सुविधा, अधिकृतस्तरको कर्मचारीको ५ दिन र सहायकस्तर कर्मचारीहरुको ३ दिनको पारीश्रमिक गाउँपालिका स्थित नेपाल बंगलादेश बैंकको प्रकोप व्यवस्थापन कोष खाता नं. ०६५ ०००० १२४१ मा जम्मा गर्ने व्यवस्था गरिएको साथै उक्त कोषमा राहत/सहयोग उपलब्ध गराउन इच्छुक (व्यक्ति, उद्योग, व्यापारी, संघ संस्था आदि) का लागि रकम जम्मा गर्नका लागि सूचना प्रवाह गर्ने व्यवस्था मिलाईएको ।

६. गाउँपालिकाको प्रमुख प्रवेश गर्ने ४ नाकाहरु वडा नं. १ स्थित लेनडाँडा, वडा नं. २ स्थित शिखरकटेरी, वडा नं. ३ स्थित वन्दाडाँडा र वडा नं. ५ स्थित बुड्ढलमा हेल्थ डेस्क राखि विहान ६ बजेदेखि बेलुक ६ बजे सम्म प्रवेश गर्ने व्यक्तिहरुको नामावली संकलन, गन थर्मोमिटरद्धारा ज्वरो परिक्षण गर्ने गरी स्वास्थ्यकर्मीहरु परिचालन गरिएको साथै उक्त नाकाहरुमा सुरक्षाकर्मीहरुको व्यवस्थापन गरी कडाईका साथ प्रवेश निषेध गरिएको ।

७. विभिन्न सञ्चार माध्यामहरु मार्फत कोरोना भाइरस रोगका सम्बन्धमा सुरक्षित रहनका लागि आवश्यक सचेतना तथा सुरक्षीत रहन निर्देशन जारी गरिएको ।

# मकवानपुरगढी गाउँपालिका
## Makawanpurgadhi Rural Municipality
# गाउँकार्यपालिकाको कार्यालय
## Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)

बागमतिप्रदेश, नेपाल
Bagamati Province, Nepal


प.सं. (Ref.) : २०७६।७७
च.नं. (Dispatch no.) :

मिति :२०७६।१२।२२

८. कोभिड-१९ रोकथामका लागि आवश्यक पि.पि.ई, इन्फ्रारेड थर्मोमिटर, स्यानीटाइजर, मास्क, भाइरेक्स, नेबुलाइजर जस्ता विरामीलाई अत्यावश्यक पर्ने औषधिहरुको आवश्यक व्यवस्थापन मिलाइएको ।

९. गाउँपालिका क्षेत्र भित्र आवश्यक ठाउँमा कोभिड-१९ को संक्रमण रोकथाम तथा न्युनिकरण सम्बन्धी विभिन्न सूचना मुलक पोस्टर, फ्लेक्सहरु मार्फत प्रचारप्रसार गरिएको साथै सरसफाईलाई मध्यनजर गर्दै सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा साबुन पानीले हातधुने व्यवस्था मिलाईएको ।

१०. बढि जमघट हुने स्थलहरुमा शिक्षा तथा सचेतना फैलाउने उद्देश्यले सार्वजनिक स्थलहरुमा समेत साबुन पानीले हात धुने व्यवस्था गरिएको ।

११. लकडाउनलाई प्रभावकारी बनाउन प्रहरी परिचालन गरी माइकिङ्ग मार्फत समेत सचेतना गर्दै लकडाउनलाई कडाई गरिएको ।

१२. विदेशबाट आउने व्यक्तिहरुको तथ्याकं संकलनगरि जिल्लाप्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति लगायतका निकायहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाईएको । साथै विदेशबाट आउने तथा स्वदेशमै बाहिरी जिल्लाबाट आउने व्यक्तिहरुलाई आवश्यक स्वास्थ्य परिक्षण गरी निरन्तर निगरानीमा राखिएको ।

पुनश्च: मकवानपुरगढी गाउँपालिकामा हालसम्म कोरोना संक्रमित व्यक्तिहरु फेला नपरेको व्यहोरा यसै विज्ञप्ती मार्फत जानकारी गराइन्छ ।

अन्त्यमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा न्युनिकरणको शिलसिलामा अहोरात्र खटिनुभएका जनप्रतिनिधि, गाउँपालिकास्तरीय समन्वय समिती तथा वडास्तरीय समन्वय समिति, दूत प्रतिकार्य समूहका पदाधिकारीहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार तथा तोकिएको लकडाउनलाई पालना गरी रहनु भएका सम्पूर्ण जिम्मेवार जनसमूदाय प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यस्तै सहयोग प्राप्त भइरहने अपेक्षा गरेका छौं साथै आम गाउँपालिकाबासीलाई कोरोना माहामारी नियन्त्रणका लागि राज्यले आव्हान गरेको लकडाउन सचेतना कार्यक्रम पूर्ण परिपालना गरी सहयोग पुऱ्याउनुहुन अनुरोध गर्दछौं । धन्यवाद ।।।

(रामकृशोर पुडासैनी)
प्रमुखप्रशासकियअधिकृत

(बिदुर हुमागाई)
अध्यक्ष